जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.जि.हु.का.द.नं. ४/०६४/०६५

वर्ष ३१ | अंक ३७ | २०७८ साल भदौं १४ गते सोमबार (30 Aug. 2021 Monday) | मूल्य रु. ५/-

**वर्षातको समयमा आईपर्ने सम्भावित विपद् बाट बचौं र बचाऔं ।**

- बाढी, पहिरो, र डुवानको जोखिम भएका बस्तीहरुको अवस्थितिबारे जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई जानकारी गराऔं।
- विपद् जुनसुकै बेलापनि आईपर्न सक्छ, त्यसैले पूर्व तयारी र प्रतिकार्य तयारी अवस्थामा राखौं ।
- प्रत्येक टोल बस्तीहरुमा उद्धार टोली गठन गरी आवश्यक तालिमको व्यवस्था गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : कांग्रेस शिक्षा विभागद्वारा राष्ट्रिय ... ३ पृष्ठमा : तेस्रो लहर आउने वा ... ३ पृष्ठमातालिबानद्वारा काबुल ...

## सप्तरीमा नीजि विद्यालयहरु संचालन गर्ने निर्णय

# प्रजिअ भन्छन् : जोखिम कायमै रहेकोले विद्यालय खोल्न मिल्दैन

**दैनिक समाचारदाता**
**राजविराज, १३ भदौं ।**

कोभिड १९ ले लामो समयदेखी बन्द रहेका सप्तरीका नीजि विद्यालयहरुले बुधबार भदौं १६ गतेदेखी संचालन गर्ने निर्णय गरेका छन् ।

नीजि विद्यालयहरुको छाता संगठन प्याब्सन, नेशनल प्याब्सन र नेपाल प्याब्सन सप्तरीले आइतबार संयुक्त विज्ञप्ति जारि गर्दै कोभिड १९ को संक्रमण दर प्रदेश २ मा ५ प्रतिशत भन्दा कम तथा सप्तरीमा लगभग शुन्य प्रतिशतमा रहेको दाबी गर्दै विद्यालय संचालन गर्ने निर्णय गरिएको जनाइएको छ ।


मिति २०७८ भदौ १२

**प्रेस विज्ञप्ती**

कोभिड-१९ को सक्रमण दर प्रदेश नं.-२ मा ५ प्रतिशत भन्दा कम तथा सप्तरीमा लगभग शुन्य प्रतिशत रहेको सन्दर्भ एकातिर र अर्कोतिर बाल वालिकाको शैक्षिक, शारीरिक, मानसिक तथा समाजिक विकासलाई ध्यानमा राखि भौतिक उपस्थितीमा विद्यालय संचालन बाहेक अन्य विकल्प रहन्न । यस्तो परिस्थितीमा स्वास्थ्य मापदण्ड (मास्क,समाजिक दुरी एवं सैनिटाइजेशन) कडाई साथ पालन गरि गराई यहि भदौं १६ गते बुधवार देखि विद्यालयहरुले अनुकुल समय (विहान/दिउँसो सिफ्ट वाइज) मा दैनिक कक्षा संचालन गर्न गराउन हामी सम्पुर्ण आवद्ध विद्यालयहरुलाई यस प्रेस विज्ञप्ती मार्फत जानकारी गराउन चाहन्छौं । विद्यालय संचालनको लागि प्रत्यक्ष वा परोक्ष रुपमा वातावरण बनाउने तथा सहमति दिने जिल्लाका सबै पालिका,मेयर, प्रहरी तथा जिल्ला प्रशासन, पत्रकार वर्ग तथा अन्य सरोकारवाला प्रति अभार प्रकट गर्दछौं ।

जिल्ला प्रशासन वा पालिका वा दुबै पक्षबाट सकारात्मक सार्वजनिक सूचनाका लागि अनुरोध पनि गर्दछौं ।

नेपाल प्याब्सन सप्तरी | नेशनल प्याब्सन सप्तरी | प्याब्सन सप्तरी

सोही विज्ञप्तिमा बालबालिकाको शैक्षिक, शारीरिक, मानसिक तथा सामाजिक विकासलाई ध्यानमा राखि भौतिक उपस्थितिमा विद्यालय संचालन बाहेक अन्य विकल्प नरहेको जनाउँदै स्वास्थ्य मापदण्ड मास्क, सामाजिक दुरी तथा सेनिटाइजर कडाईका साथ पालना गर्ने प्रतिबद्धता जनाइएको छ ।

विद्यालयहरुले अनुकुल समयमा दैनिक कक्षा संचालन गर्न गराउन सम्पूर्ण आवद्ध विद्यालयहरुलाई जानकारी गराउँदै विज्ञप्तिमा विद्यालय संचालनका लागि प्रत्यक्ष रुपमा वातावरण बनाउने तथा सहमति दिने जिल्लाका सबै पालिका, प्रमुख तथा जिल्ला प्रशासन, संचारकर्मी तथा अन्य सरोकारवालाप्रति आभार समेत प्रकट गरेको छ ।

यता सप्तरीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले जिल्लामा कोभिड १९ को जोखिम कायमै रहेकोले तत्काले विद्यालय खोल्ने अवस्था नरहेको जानकारी दिएका छन् । प्रजिअ आचार्यले आउँदो दिनमा कोभिडको जोखिम अझ बढ्न सक्ने भन्दै जिल्ला संकट व्यवस्थापन समितिले निर्णय गर्दै सम्पूर्ण स्थानिय तहलाई विद्यालय नखोल्न आग्रह गर्दै पत्राचार समेत गरेको बताए ।

स्थानिय सरकार ऐन अन्तरगत विद्यालय संचालन गर्ने निर्णय स्थानिय तहलाई रहेको भन्दै प्रजिअ आचार्यले यदी विद्यालय संचालन भएमा सम्पूर्ण जोखिमको जवाफदेहिता स्थानिय तह तथा सम्बन्धीत विद्यालयकै हुने समेत बताए ।

यस्तै राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादवले विद्यालय संचालन सम्बन्धी हालसम्म कुनै निर्णय नभएको भन्दै छिटै नै यस सम्बन्धमा सबै पालिकाको बैठक बसी निर्णय गरिने जानकारी दिएका छन् ।

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७८/५/२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७८/५/२३

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**बिगत १३ वर्ष देखी संचालन हुदै आएको**
**ओभरसियरी क्याम्पस**
**( CTEVT बाट मान्यता प्राप्त )**

# डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग
( ३ बर्षे )

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य-गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।
**फारम भर्ने अन्तिम मिति** : २०७८ भदौ १८ गते सम्म ।

सम्पर्क :
**सफटेक इन्जिनियरिङ्ग कलेज**
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५२०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

भर्ना खुल्यो भर्ना खुल्यो

"आत्मनिर्भरताका लागि प्राविधिक शिक्षा"
**न्यूनतम शुल्कमा प्राविधिक शिक्षा अध्ययन गर्ने सुनौलो अवसर**

CTEVT र राजविराज नगरपालिकाको संयुक्त साझेदारीमा संचालित बहुप्राविधिक शिक्षालय

SEE/SLC/TSLC पछि ३ वर्षे डिप्लोमा
**सिभिल इन्जिनियरिङ्ग**
**जियोमेटिक्स(सर्भे) इन्जिनियरिङ्ग**

फारम भर्ने मिति
२०७८/04/३१ देखि
२०७८/05/१८ सम्म

**राजविराज पोलिटेक्निक इन्स्टिच्युट**
राजविराज–३, सप्तरी
कार्यालय: ०३१-५९००९०, ९८२९७८४७२३
प्रिन्सिपल: ९८१६६४५१६६
Email: info.rajbirajpolytechnic@gmail.com

## सम्पादकीय

### दुर्घटनाबाट जोगिन आवश्यक सावधानी अपनाऔं

दुर्घटना भनेको भवितव्य हो । कुनै पनि दुर्घटना आफैले जानी जानी हुँदैन् । अचानक हुने हुँदा यसप्रति सबै सचेत हुनु आवश्यक छ । यसका लागि सबैले आवश्यक सावधानी अपनाउनु अत्यन्त जरुरी छ । तर, कहिले काही आफू सही रहँदा रहँदा पनि दुर्घटना हुन पुग्छ । मुलुकको भौगोलिक अवस्था त्यसमा बाटोघाँटोको समस्या तथा बाटो भएपनि साँघुरो तथा टेडोमेडो बाटोका कारण सडक दुर्घटना हुने गरेको पाइन्छ ।

सडक दुर्घटनाका कारण वर्षेणी हजारौं व्यक्तिले अकालमै ज्यान गुमाउनु परेको तथ्याङ्कले देखाउँछ । सवारीसाधन चलाउने चालकको लापरवाहीले पनि दुर्घटना भएको पाइन्छ । चालकले सावधानी नपनाएर मनपर्दी तरीकाले सवारी चलाउने गर्दा दुर्घटना हुने सम्भावना बढी हुन्छ । यसबाहके सवारी चलाउदा अत्याधिक गतिमा वा मोवाइलमा कुरा गर्दै, मादक पदार्थ सेवन गरि र सवारीको क्षमताभन्दा बढी यात्रु बोकेर चलाउदा पनि दुर्घटना हुन सक्छ ।

सवारीसाधन चलाउँदा ध्यानपूर्वक चलाउनुका साथै ट्राफिक नियमको पालना गर्नु पनि उत्तिकै आवश्यक छ । तसर्थ दुर्घटनाबाट जोगिन सबै भन्दा पहिला आफै सचेत रही ध्यानकेन्द्रित गरि चलाउनु पर्छ । यसबाहेक सम्बन्धीत निकायले पनि दुर्घटना न्युनिकरणका लागि समय समयमा जनचेतना दिन उत्तिकै जरुरी छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कांग्रेस शिक्षा विभागद्वारा राष्ट्रिय शिक्षा नीतिको प्रस्तावित प्रतिवेदन सार्वजनिक

काठमाडौँ, १३ भदौ (रासस) ।

नेपाली कांग्रेसको शिक्षा विभागले राष्ट्रिय शिक्षा नीतिको प्रस्तावित प्रतिवेदन सार्वजनिक गरेको छ । कांग्रेस केन्द्रीय कार्यालय सानेपामा पत्रकार सम्मेलन गरी शिक्षा विभागका संयोजक एवं पार्टीका केन्द्रीय सदस्य हरिप्रसाद नेपालले ६५ बुँदे उक्त प्रतिवेदन सार्वजनिक गर्नुभएको हो ।

राष्ट्रिय शिक्षा नीतिको प्रस्तावित प्रतिवेदनमा अबको पाँच वर्षभित्रमा माध्यमिक तहसम्म अध्ययन गर्ने सबै विद्यार्थीलाई निःशुल्क तथा १० वर्षभित्रमा समान अवसरको शिक्षा प्रदान गर्ने, ८ कक्षासम्मको शिक्षा अनिवार्य र निःशुल्क, १२ कक्षासम्मको निःशुल्क गर्नका लागि नागरिकको मौलिक हकको अधिकार सुनिश्चित गर्ने भौचरलगायतको व्यवस्था गरिने, नेपालको शिक्षा प्रणालीलाई विश्वव्यापीरूपमा प्रतिस्पर्धा गर्न सकिने बनाइने, शैक्षिक क्षेत्रलाई दलीय हस्तक्षेप हुनबाट रोक्ने तथा शिक्षक, प्राध्यापक र विद्यार्थीलाई दलीय राजनीतिबाट अलग राख्ने कुरा समावेश गरिएको छ ।

यस्तै शिक्षक, प्राध्यापक र विद्यार्थी कल्याणकारी परिषद्को स्थापना गरिने, हरेक तहमा अध्यापन गराउने शिक्षक र प्राध्यापकको मर्यादाक्रम सोही तहको निजामती कर्मचारीको तहभन्दा माथि राखिने, वैज्ञानिक पद्दतिमार्फत जनसङ्ख्या, भूगोल र विद्यार्थी सङ्ख्याका आधारमा स्थानान्तरण र एकापसमा समाहित गरिने, बाल कक्षादेखि ४ कक्षासम्मलाई पूर्वआधारभूत, कक्षा ५ देखि ८ सम्मलाई आधारभूत र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक तहको संरचना बनाइने तथा विद्यालयको भौतिक संरचनामा एकरूपता ल्याइने र आधारभूत तहसम्म सबै विद्यार्थीलाई दिवा खाजाको व्यवस्था गरिने कुरा प्रतिवेदनमा समावेश गरिएको छ ।

यसैगरी विद्यालय तहको अध्ययन र अध्यापन सीप र सक्षमतामा आधारित बनाइने, बाल कक्षादेखि कक्षा ४ सम्मको पूर्वआधारभूत तहमा बाल विकास र बाल मनोविज्ञानमा विशेषज्ञता हासिल गरेका शिक्षकको व्यवस्था गरिने, हरेक विद्यालयमा विज्ञान, प्रविधि, योजनाबद्ध र गणितीय पाठ्यक्रमको आधारमा पढाइने तथा शिक्षकलाई सोहीबमोजिम तयारी गरिने, माध्यमिक तहमा शतप्रतिशतलाई उद्यमशील शिक्षा प्रदान गर्नुका साथै तीमध्ये ६० प्रतिशतलाई प्राविधिक तथा ४० प्रतिशतलाई साधारण शिक्षा अध्ययन गर्न प्रात्साहन गरिने र हरेक स्थानीय तहले विद्यालय तहको शिक्षालाई उद्यमशीलतासँग जोडेर कम्तीमा दुई विषयमा स्थानीय सीप र उद्यमशीलताको अध्यापन गराउनुपर्ने नीति अघि सारिएको छ ।

विश्वविद्यालय तहमा उच्च शैक्षिक योग्यता हासिल गरेका सिधै शिक्षण र प्राध्यापन पेशामा प्रवेश गर्न वातावरण मिलाउनुपर्ने, प्राविधिक शिक्षा पढेकालाई उच्च शिक्षाको व्यवस्था गर्नुपर्ने, दुई वर्षभित्रमा हरेक स्थानीय तहले समुदायसँग समन्वय गरी गाउँपालिकाले कम्तीमा एउटा, नगरपालिकाले कम्तीमा दुई, उपमहानगरपालिकाले तीन तथा महानगरपालिकाले कम्तीमा पाँच आवासीय विद्यालय सञ्चालन गर्नुपर्ने, दलित, मुस्लिम र सीमान्तकृत समुदायका विद्यार्थीका लागि उच्च शिक्षा अध्ययनको विशेष नीतिको व्यवस्था गर्नुपर्ने तथा प्रतिभाको खोजी गर्न तीनवटै सरकारको समन्वय र सहकार्यमा राष्ट्रिय प्रतिभा खोज निर्देशनालयको स्थापना गर्नुपर्ने कुरा शिक्षा नीतिमा प्रस्ताव गरिएको छ ।

निजी लगानीका विद्यालयलाई गुठी वा सहकारीको अवधारणामा सञ्चालन गर्न उत्प्रेरित गर्नुपर्ने, हाल सञ्चालनमा रहेका निजी तथा सरकारी गुठीका विद्यालयलाई स्पष्ट कार्यदिशा ल्याएर सञ्चालन गरिनुपर्ने, शिक्षक सेवा आयोगलाई थप सुदृढ र विकास गरी स्वायत्त आयोगका रूपमा विकास गर्नुपर्ने, विद्यालय तहमा एकै प्रकारका शिक्षक दरबन्दीको व्यवस्था गर्नुपर्ने, शिक्षक र विद्यालयमा कार्यरत कर्मचारीका लागि शिक्षक अस्पतालको स्थापना गर्नुपर्ने, शिक्षक सेवा आयोगमार्फत शिक्षकले सिकेका सीप र ज्ञानको बारेमा कम्तीमा तीन वर्षमा एकपटक ज्ञान परीक्षण गर्ने र पुनर्ताजगीकरण तालिमको व्यवस्था गर्नुपर्ने तथा २५ वर्ष शिक्षण पेशा गरेकालाई अध्यापनभन्दा पनि अनुसन्धानलगायत उपयोगी कार्यमा लाग्न प्रोत्साहन गर्ने कार्यक्रम ल्याउनुपर्ने कुरा शिक्षा नीतिमा उल्लेख छ ।

यस्तै शैक्षिक योग्यताको आधारमा रोजगारको वर्गीकरण गरी नियामक संस्थामार्फत लागू गर्नुपर्ने, कम्तीमा १३ वर्षको अनौपचारिक शिक्षा प्राप्त गरेपश्चात प्रशासनिक वा अन्य समूहमा कम्तीमा एक वर्षको तालिम प्राप्त गरेको व्यक्तिलाई अधिकृतस्तर वा सो सहरको रोजगारीका लागि लोकसेवा आयोगले बाटो खोल्नुपर्ने, विश्वविद्यालयलाई पूर्णरूपमा स्वायत्त बनाउनुपर्ने, प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति हुने व्यवस्थालाई परिवर्तन गरी प्राज्ञिक व्यक्तिलाई नै विश्वविद्यालयको कुलपति वा अध्यक्ष बनाउनुपर्ने, प्रधानमन्त्रीको अध्यक्षतामा उच्च शिक्षा आयोग वा परिषद्को गठन गर्नुपर्ने, प्राज्ञिक व्यक्तिलाई उच्च शिक्षा आयोग वा परिषद्को उपाध्यक्ष बनाउनुपर्ने तथा विश्वविद्यालय अनुदान आयोगको अध्यक्ष र विश्वविद्यालयका कुलपति वा अध्यक्षको छनोटका लागि कम्तीमा पाँच सदस्यीय उच्च शिक्षा आयोग वा परिषद्का पदाधिकारी तथा सदस्य र प्राज्ञिक व्यक्तिहरूको समूह गठन गर्नुपर्ने शिक्षा नीति अघि सारिएको छ ।

विश्वविद्यालयका प्राध्यापकले वर्षमा कम्तीमा दुईवटा अनुसन्धानात्मक लेख तथा रचना सम्बन्धित विभागमा बुझाउने व्यवस्था कार्यान्वयन गर्नुपर्ने, विश्वविद्यालयलाई गुठी वा पब्लिक प्राइभेट पार्टनरसिपको अवधारणामा सञ्चालन गर्नुपर्ने, उच्च शिक्षा अध्ययनका लागि नेपाललाई अन्तर्राष्ट्रिय केन्द्रका रूपमा विकास गर्न पहल गर्नुपर्ने, नेपाललाई तपोभूमि र ज्ञानभूमिका रूपमा विकसित गर्नका लागि पूर्वीय दर्शनको विश्वविद्यालय स्थापना गरी यसको अन्तर्राराष्ट्रियस्तरमा बजारीकरण गर्नुपर्ने, सातवटै प्रदेशमा त्रिवि स्वास्थ्य विज्ञान प्रतिष्ठानको आङ्गिक क्याम्पस स्थापना गर्नुपर्ने, आयुर्वेद विश्वविद्यालयको स्थापना गर्नुपर्ने, विदेशमा उच्च शिक्षा हासिल गरेका नेपाली वा विदेशीलाई नेपालमा आएर काम गर्न प्रोत्साहन गर्नुपर्ने, निःशुल्क प्रवेशाज्ञा, न्यूनतम आवासीय सुविधाको व्यवस्था गर्नुपर्ने कुरालाई पनि नीतिमा विशेष स्थान दिइएको छ ।

यसैगरी उच्च शिक्षामा छात्रवृत्तिमा अध्ययन गर्नका लागि अध्ययनपश्चात नेपाल सरकारले खटाएको ठाउँमा कम्तीमा तीन वर्ष काम गर्नेगरी सम्झौतापत्रमा हस्ताक्षर गरेपछि मात्र छात्रवृत्ति प्रदान गर्नुपर्ने, त्रिभुवन विश्वविद्यालयका आंशिक शिक्षकको समस्या समाधान गर्न कांग्रेसले नेतृत्व गरेको विगतको सरकारले स्वीकृत गरेको एक हजार ४२० दरबन्दी कार्यान्वयनमा ल्याई समस्या समाधान गर्नुपर्ने तथा शिक्षक तथा प्राध्यापकको पारिश्रमिक समकक्षी निजामती कर्मचारीको भन्दा कम्तीमा ३० प्रतिशत बढाउनुपर्ने कुरालाई शिक्षा नीतिमा समावेश गरेको छ । उक्त शिक्षा नीति कांग्रेसको आसन्न १४औँ महाधिवेशनबाट पारित गरेपश्चात कार्यान्वयनमा ल्याइने शिक्षा विभागका संयोजक नेपालले बताउनुभयो । प्रतिवेदनलाई कांग्रेस केन्द्रीय कार्यसमितिलाई हस्तान्तरण गरिने उहाँले जानकारी दिनुभयो ।

देशको शिक्षा प्रणाली असफल भएको उल्लेख गर्दै संयोजक नेपालले अहिलेसम्मका सरकारहरूले शिक्षालाई प्राथमिकतामा राख्न नसकेको आरोप लगाउनुभयो । तयार पारिएको प्रतिवेदनलाई पार्टीकै नीति बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो । मुलुकका तीन तहकै सरकारले शिक्षाको क्षेत्रमा २० प्रतिशतभन्दा बढी बजेट विनियोजन गर्नुपर्ने उहाँको माग थियो । प्रतिवेदन सार्वजनिक कार्यक्रममा विभागका सचिव डा कृष्णप्रसाद पौडेल, विभागका सदस्य डा दिलीप पराजुली, डा रञ्जना कक्षपति, डा जानुका नेपाल, डा हिमलाल घिमिरेलगायतको उपस्थिति थियो । सातवटै प्रदेश तथा राजधानीमा विज्ञसित छलफल गरी उक्त प्रतिवेदन तयार पारिएको सचिव पौडेलले बताउनुभयो ।



अनुरोधकर्ता : जिल्ला समन्वय समिति सप्तरी

# तेस्रो लहर आउने वा नआउने सर्वसाधारणमा निर्भर

काठमाडौँ, १३ भदौ (रासस)।
कोरोना भाइरसको सङ्क्रमणको तेस्रो लहर आउने वा नआउने सर्वसाधारणमा निर्भर भएको जनस्वास्थ्यविद्ले जनाएका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अबको एक महिना अर्थात् असोज दोस्रो हप्ता सङ्क्रमणको तेस्रो लहर आउने चेतावनी दिएको छ। तेस्रो लहर आउने वा नआउने सर्वसाधारणमा निर्भर हुने विज्ञले बताएका छन्। निषेधाज्ञा खुकुलो र चाडपर्व सुरु भएसँगै आउजाउ बढेको र जनस्वास्थ्य सुरक्षा मापदण्ड लागू नगर्दा तेस्रो लहरको जोखिम बढेको बताइएको हो।

अहिले जनस्वाथ्यका मापदण्ड लागू नगर्दा गत साउनदेखि उकालो लागेको कोरोना भाइरस सङ्क्रमण दर अहिले पनि जारी छ। गत साउन १ गते दुई हजार ९३६ मा कोरोना भाइरस सङ्क्रमण देखिएकामा गत साउन ७ गतेसम्म आइपुग्दा दुई हजार ७१४ जना सङ्क्रमित पुगेका छन्। यस्तै हिजो (शुक्रबार) दुई हजार ६५, भदौ १० गते दुई हजार ४३३, भदौ ९ गते दुई हजार ४८२, भदौ ८ गते दुई हजार ५२५ सङ्क्रमण पुष्टि भएको छ।

मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले तेस्रो लहर आउने वा नआउने सर्वसाधारणमा निर्भर भएको बताउनुभयो। "सर्वसाधारणले जनस्वास्थ्यका मापदण्ड लागू गरे भने तेस्रो लहर आउने सम्भावना कम हुन्छ", उहाँले भन्नुभयो, "तेस्रो लहर नेपालमा भित्रचाउने कि नभित्रचाउने, कस्तो भेरियन्ट ल्याउने भन्ने जनताको हातमा छ।" भीडभाडमा हिँड्ने, जनस्वास्थ्यका मापदण्ड लागू नगर्ने हो भने नेपालमा पनि तेस्रो लहर नआउने भन्न नसकिने उहाँको भनाइ छ। उहाँले सरकारले मात्र सङ्क्रमण नियन्त्रण गर्न नसकिने भन्दै सर्वसाधारणले पालना गरेको मापदण्डका आधारमा सङ्क्रमण नियन्त्रण गर्न सकिने जानकारी दिनुभयो।

गत वर्ष निषेधाज्ञा खुला भएसँगै सर्वसाधारणले जनस्वास्थ्यमा मापदण्ड लागू नगरेकाले गत चैतमा दोस्रो सातादेखि दोस्रो लहरको सङ्क्रमण फैलिएको थियो। दोस्रो लहरमा मुलुकमा धेरै नै मानवीय क्षति भएको थियो। नेपालमा अहिले कोभिड-१९ को डेल्टा भाइरस रहेका छन्।

**सङ्क्रमणको चौथो तह**

मन्त्रालयका प्रवक्ता डा पौडेलका अनुसार अहिले नेपालमा समुदायस्तरमा सङ्क्रमण फैलिरहेको छ। "अहिले समुदायस्तरमा सङ्क्रमण मजाले फैलिरहेको छ। यसरी फैलिनु भनेको देशको सबै भागमा सङ्क्रमणको तेस्रो वा चौथो तह भन्ने बुभि्कन्छ", उहाँले भन्नुभयो, "कुनै पनि जिल्ला वा गाउँमा सङ्क्रमण छैन भन्ने अवस्था छैन। सङ्क्रमण फैलिरहेको हुनाले कति सचेत भएर रोक्न सक्छौँ भन्ने कुरा हो।"

उहाँले तेस्रो लहरका लागि अहिले मानिसमा बनेको रोग प्रतिरोधात्मक क्षमताले कति काम गर्छ भन्ने अध्ययनका क्रममा रहेको जानकारी दिनुभयो। पाँच/छ महिना अघि खोप लगाएका मानिसको पनि रोग प्रतिरोधात्मक क्षमता घटेकाले तेस्रो लहरसँग सचेत हुनुपर्ने बताउनुभयो। "अहिले भन्दा कमजोर भेरियन्ट आए समस्या हुँदैन", उहाँले भन्नुभयो, "तर अहिलेको भन्दा बलियो आए समस्या आउन सक्छ।"

पीसीआर परीक्षण गर्दा अहिले १९.५ प्रतिशतमा सङ्क्रमण देखिएको छ। सङ्क्रमित सबैले परीक्षण नगराउँदा पनि सङ्क्रमणको यकीन तथ्याङ्क बाहिर नआएको मन्त्रालयले जनाएको छ। अहिले पनि सामान्य रुघाखोकी, ज्वरो आएका मानिस परीक्षण गराउन नगएकाले घरमै सङ्क्रमित रहेको मन्त्रालयका प्रवक्ता डा पौडेलले जानकारी दिनुभयो। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा अनुप बाँस्तोलाले मानिस आफैँ सचेत भएर सङ्क्रमणलाई रोक्नुपर्ने बताउनुभयो। उहाँले दैनिक १० देखि २० जना अस्पतालमा आइसकेको भन्दै खोप लगाएका मानिसबाट पनि सङ्क्रमण सर्नसक्ने भएकाले स्वास्थ्यको मापदण्ड लागू गर्न आग्रह गर्नुभयो।

मन्त्रालयले तेस्रो लहर आउनसक्ने भएकाले सबै स्वास्थ्य सङ्घसंस्थालाई अक्सिजन, शय्यालगायतका पूर्वाधार तयारी अवस्थामा राख्न अनुरोध गरिएको छ। तेस्रो लहरले बालबालिकालाई बढी प्रभाव पार्ने भएकाले उनीहरूका लागि सघन उपचार कक्ष र भेन्टिलेटर तयारी अवस्थामा राख्न निर्देशनसमेत दिएको छ।

मन्त्रालयले कामै नपरी घर बाहिर निस्किने, अनावश्यकरूपमा जमघट गर्ने जस्ता कार्य गर्दा कोरोना फैलिएर तेस्रो लहर नआउला भन्न सकिन्न। त्यसैले जिम्मेवार नागरिक भई भीडभाड भएको ठाउँमा नजान र घरबाट निस्किँदा सधैं सही तरिकाले मास्क लगाउन र एक अर्काबीच कम्तीमा दुई मिटरको दूरी कायम गर्न मन्त्रालयले आग्रह गरेको छ।

# देशभर वर्षा, मध्य क्षेत्र बढी प्रभावित, मंगलबारपछि वर्षा कम हुने

काठमाडौँ, १३ भदौ (रासस)।
विगतमा हिमाली र पहाडी क्षेत्रमा वर्षाले ठूलो क्षति गरायो। विभिन्न जिल्लामा पहिरो खसेर खोला र नदीसमेत थुनिँदा तल्लो तटीय क्षेत्रका बासिन्दाको उठिबास लाग्यो। कति मानिसको अकालमै ज्यान गयो भने अझै धेरै हराइरहेका छन्।

वर्षापछिको बाढी, पहिराले सिन्धुपाल्चोक, मनाङलगायत दुई दर्जन बढी जिल्ला प्रभावित पार्‍यो। सिन्धुपाल्चोक जिल्ला पछिल्ला केही वर्षमा बढी प्रभावित हुनेमा पर्छ। त्यसबेला दुई पटक परेको भारी वर्षाले सिन्धुपाल्चोकको मेलम्ची र हेलम्बु क्षेत्रमा सताब्दीकै ठूलो क्षति भएको भूगर्भविद्को दाबी छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता विश्वप्रकाश अर्यालका अनुसार नेपालमा मनसुन भित्रिएपछि आइतबारसम्म बाढी पहिराले ९४ जनाको मृत्यु भएको र ४४ जना बेपत्ता भएका छन्। झण्डै छ हजार मानिसलाई सुरक्षित स्थानमा सारिएको छ। २५ जलविद्युत् आयोजना, २९ वटा मोटरेबल र २९ वटा झोलुङ्गे पुलमा क्षति भएको छ। झण्डै ८०० घर पूर्ण क्षति भएको छ। नेपालमा जेठ २८ मा मनसुन भित्रिएको थियो भने जेठ ३० गते देशैभर फैलिएको थियो मनसुन असोजको मध्यबाट हट्ने छ।

मौसम विज्ञान विभागले यो वर्ष औसतभन्दा बढी नै वर्षा हुने आँकलन गरेको थियो। विगतमा हिमाली र पहाडी क्षेत्रमा परेको भारी वर्षा यसपाली मध्य नेपालको तराई क्षेत्रमा देखियो। यद्यपि मुलुकभर नै भदौरे झरी जारी छ। त्यसकारण हजारौं घर डुबानमा परेको छ। अहिलेसम्म चार हजार घर डुबानमा परेको प्रहरीको तथ्याङ्क छ।

प्राप्त विवरणअनुसार विभिन्न जिल्लामा पछिल्लो तीन दिनदेखिको वर्षापछिको बाढी, पहिरो र डुबानका कारण नौ जनाको मृत्यु भइसकेको छ। अन्य छ जना बेपत्ता भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता आर्यालले जानकारी दिनुभयो।

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले आइतबार र सोमबार पनि वर्षा जारी रहने तर मङ्गलबारबाट भने विस्तारै खुल्दै जाने जानकारी दिएको छ। यद्यपि वर्षा केही घट्दो क्रममा नै रहेको मौसमविद्को भनाइ छ।

मौसमविद् समीर श्रेष्ठले आइतबार पनि वाग्मती, गण्डकी, लुम्बिनी प्रदेशमा वर्षा भइरहेको जानकारी दिनुभयो। उहाँले आइतबार राति पनि नेपालको पश्चिम क्षेत्रमा भारी वर्षा हुने जानकारी दिनुभयो। गण्डकी लुम्बिनीसहित कर्णाली र सुदूरपश्चिममा समेत पानी पर्नेछ।

पछिल्लो २४ घण्टामा सबैभन्दा बढी कपिलवस्तुमा १८२ मिलिमिटर पानी परेको छ। चितवनमा १२७, पाल्पामा १२४ र नवलपरासीमा ११५ मिलिमिटर पानी परेको छ। वर्षा जारी रहेकाले प्राधिकरणले क्षति कसरी कम गर्न सकिन्छ र जोखिमबाट मानिसलाई कसरी जोगाउन सकिन्छ भनेर आइतबार दातृ निकायका प्रतिनिधिसहितको समन्वयात्मक बैठक आयोजना गरेको थियो। बैठकमा रुपन्देही र आसपास एक दिनमा ४५० मिलिमिटरसम्म पानी परेको जानकारी गराइएको थियो।

अझै पनि गण्डकी, कर्णाली र सुदूरपश्चिमका केही खोलामा बहाव बढ्ने देखिन्छ। गण्डकी नदी अहिलेकै अवस्थामा रहने देखिन्छ भने कोशीमा बहाव बढेको नभई थेग्यान बढेकाले नदीमाथि आएको हुँदा डुबान हुने सम्भावना कायमै छ। साना खोलामा भने बाढी बढ्नसक्ने र ठूला नदीमा घट्टो क्रममा रहेको जनाइएको छ। जमिन गलिसकेकाले थोरै पानी पर्दा पनि जोखिम बढ्नसक्नेतर्फ सचेत हुन अनुरोध गरिएको छ। स्याटलाइट तस्बिरको विश्लेषण गरी पश्चिम क्षेत्रको बाढी अवस्था हेर्दा झण्डै ९५ हजार मानिस बाढीबाट प्रभावित हुने अनुमान गरिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले स्वास्थ्य संस्था क्षति भएको जानकारी प्राप्त नभएको र आवश्यक स्वास्थ्य सामग्री, जनशक्ति सबै तयारी अवस्थामा राखिएको जानकारी दिनुभयो।

नवलपरासी, रुपन्देही, कपिलवस्तुलगायत जिल्लामा चार हजार ५०० घर डुबानमा परेको जनाइएको छ। डुबेकामध्ये १० प्रतिशत पूर्ण क्षति छ। एक हजार घरका मानिस अहिले विस्थापित भएको र कतिपय ठाउँमा रोगव्याधि निम्तिन सक्नेतर्फ सचेत हुन भनिएको छ।

मौसमविद् राजु प्रधानाङ्गले पानी पार्ने न्यूनचापीय रेखा तल झर्न थालिसकेको जानकारी दिनुभयो। मङ्गलबार भने पूर्वतर्फ प्रभाव पार्ने उहाँले बताउनुभयो। प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले यस वर्ष मनसुनको आधा समय पार गरेर आउँदा विगतमा शताब्दीभर नभोगेका घटना बेहोर्नुपरेको बताउनुभयो। उहाँले कसरी घटना कम गर्ने, उद्धार र राहतलाई कसरी प्रभावकारी बनाउने र हराइरहेकाको खोजी र थप क्षति हुन नदिन कसरी समन्वयमा काम गर्नेतर्फ ध्यान दिन अनुरोध गर्नुभयो।


**बोन्ड पेपर हराएको सूचना**

जलेश्वरदेखी जनकपुर जाँदै गरेको अवस्थामा २०७८ साल असार २० गते मेरो निम्न ब्यहोराको बोन्ड पेपर हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८४४५९५५४ मा सम्पर्क गर्नुहोला।

**नाम : माझि राउत**
**ठेगाना : एकरहिया-६, महोत्तरी**
**वी.ले.नं. : २५१३१०७४६**


## विश्व समाचार

### तालिबानद्वारा काबुल विमानस्थल प्रवेशमा कडाइ

काबुल (अफगानिस्तान), १३ भदौ (रासस/एएनआई)।
अफगानिस्तानबाट उत्तर एटलान्टिक सन्धि संगठन (नेटो) सैनिकको अन्तिम उद्धार उडानसँगै शनिबारदेखि काबुल विमानस्थल प्रवेशमा तत्कालका लागि थप कडाइ गरिएको तालिवान समूहले बताएको छ।

तालिवान समूहले अफगानिस्तानको राजधानीलगायत प्राय सबै प्रान्तलाई आफ्नो कब्जामा लिएपछि उनीहरूको शासन कठोर हुने त्रासले दैनिक हजारौंको सङ्ख्यामा अफगान बाहिरिने क्रम जारी रहेकै समय तालिवान समूहले विमानस्थल प्रवेशमा कडाइ गरेको हो।

तालिवान नेताले विदेश पलायन हुनलागेका अफगानको देशमा नै सुरक्षाको प्रत्याभूत गरिने यसअघि नै बताउँदै आएको थियो। अफगान नागरिकलाई स्वदेशमा नै रही काम गर्ने वातावरण निर्माण गरिने, सरिया कानून अन्तरगत रहेर महिलाका अधिकारलाई प्रत्याभूत गरिने र विदेशी कुटनीतिज्ञलाई सुरक्षाको प्रत्याभूतलगायतका प्रतिवद्धता तालिवान नेताले गरेका छन्।

यद्यपि अतिवादी जिहादी समूहको भनाइजस्तो शासन हुनेमा कमैले विश्वास गरेका कारण ठूलो जनशक्ति विदेशिएको छ।

शनिबारको सूचनामा काबुल विमानस्थलमा 'आगामी २४-३६ घण्टामा अर्को आतङ्ककारी हमलाका अत्यधिक सम्भावना' रहेको अमेरिकी अधिकारीले चेतावनी दिएका छन्।

यसैबीच, शनिबारदेखि नै विमानस्थलसम्म पुग्ने सडकका ठाउँठाउँमा अवरोध खडा गरेका छन्। ती स्थानमा केही वर्दीधारी तालिबान सेनाले ह्युमभेस र अफगान सुरक्षा बलबाट कब्जा गरेको नाइट भिजन चश्माद्वारा अवलोकन गरिरहेका युरोप्युजले बताएको छ। विमानस्थल प्रवेश गर्ने सबै नाकालाई तालिवानले नियन्त्रणमा लिई प्रवेशमा निकै कडाइ गरेका विमानस्थलमा कार्यरत एक अफगान अधिकारीले नाम गोप्य राख्ने सर्तमा बताए।

विमानस्थलमा गरिएको आक्रमणमा १७० जनाभन्दा बढीको ज्यान गुमेको बदलामा गत हप्तान्तमा अमेरिकी हवाई आक्रमणमा कान्दाहारमा स्लामिक स्टेट (आइएस)लाई लक्षित गरी गरेको आक्रमण सो समूहका सदस्यको मृत्यु भएको थियो।

### भारतमा थप ४४ हजार ६५८ व्यक्ति कोभिड-१९ सङ्क्रमित

नयाँ दिल्ली, १३ भदौ (रासस/पीटीआई)।
भारतमा कोभिड-१९ सङ्क्रमितको सङ्ख्या पछिल्लो एक दिनमा ४४ हजार ६५८ पुगेको सङ्घीय स्वास्थ्य मन्त्रालयले जनाएको छ।

यससँगै भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट सङ्क्रमित भएका व्यक्तिको सङ्ख्या तीन करोड ४४ हजार ८९९ पुगेको छ।

मन्त्रालयको तथ्याङ्कअनुसार भारतमा कोभिड-१९ सङ्क्रमित चार लाख ३६ हजार ८६१ जनाको मृत्यु भइसकेको छ। अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या १.०३ प्रतिशत रहेको छ भने ९७.६३ प्रतिशत सङ्क्रमित निको भइसकेका छन्।

भारतमा दैनिक सङ्क्रमण दर २.४५ प्रतिशत रहेको र सङ्क्रमितको सङ्ख्या दैनिक १० हजारभन्दा बढीले वृद्धि भइरहेको छ।

मन्त्रालयका अनुसार कोभिड-१९ निको भएका व्यक्तिको सङ्ख्या तीन करोड १८ लाख २१ हजारभन्दा बढी पुगेको छ। अहिले सङ्क्रमित अवस्थामा रहेका बिरामीमध्ये १.३४ प्रतिशतको अवस्था गम्भीर भएको र उनीहरूले देशको विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थामा उपचार सेवा लिइरहेको बताइएको छ।

### युएईले खोप लगाएका पर्यटकलाई यात्रा अनुमति दिने

दुबई, १३ भदौ (रासस/एएफपी)।
संयुक्त अरब इमिरेट्सले सोमबारदेखि कोभिडविरुद्ध पूर्णखोप लगाएका सबै पर्यटकका लागि भिसा जारी गर्ने घोषणा गरेको छ। दुबईले ढिलो गरी सञ्चालन हुन लागेको व्यापार प्रदर्शनी २०२० आयोजना गर्नुभन्दा एक महिनाअघि विदेशी पर्यटकका लागि भिसा दिने घोषणा गरेको हो।

दुबईले गत वर्ष छ महिने 'दुबई एक्स्पो २०२०'मार्फत् लाखौं आगन्तुकलाई आकर्षित गर्ने र अर्थव्यवस्थालाई सुदृढ पार्ने योजना ल्याएकोमा स्वास्थ्य संकटले एक वर्ष ढिलो गरी अक्टोबरमा यसको आयोजना गर्न लागेको हो।

गत हप्तान्तमा २४ घण्टाको अवधिमा कोभिड-१९ सङ्क्रमित दरमा महिनौंपछि एक हजारभन्दा कम सङ्क्रमित भेटिएको र यो नियन्त्रणको दिशातिर गएको भन्दै यूएईले व्यापारिक तथा पर्यटकीय गतिविधिमार्फत् महामारीका कारण थला परेको अर्थतन्त्रलाई उकास्न कोभिड-१९ नियन्त्रणका लागि लिइएका प्रतिबन्धात्मक उपायलाई क्रमश: अन्त्य गर्दै जाने निश्कर्षमा पुगेको यहाँको समाचार संस्था वाम (डब्लुएएम)ले अधिकारीलाई उद्धृत गरी समाचार लेखेको छ।

योग्य व्यक्तिलाई विश्व स्वास्थ्य संगठनद्वारा अनुमोदित एस्ट्राजेनेका, जोन्सन एण्ड जोन्सन, मोडेर्ना, फाइजर, सिनोफार्म र सिनोभ्याक नामक कोभिड-१९ विरुद्धका खोपमध्ये कुनै एक खोपको पूर्ण मात्रा लगाएको हुनुपर्नेछ।

यो निर्णय पहिले प्रतिबन्धित देशबाट आएकालगायत सबै देशका नागरिकमा लागू हुने वामले जनाएको छ। यद्यपि पर्यटक भिसामा आउने यात्रुले विमानस्थलमा अनिवार्य पीसीआर परीक्षण गर्नुपर्नेछ। कोभिड महामारीको बीचमा देशको जीवन धेरै हदसम्म सामान्य भएको भएपनि यसले मास्क लगाउने र सामाजिक भेलासम्बन्धी कडा नियम लागू गरिरहेको छ।

युएईमा हालसम्म सात लाख १५ हजार व्यक्तिमा कोभिड-१९ सङ्क्रमण पुष्टि भइसकेको छ भने दुई हजार ३६ सङ्क्रमितको मृत्यु भएको सरकारी तथ्याङ्कमा जनाइएको छ।

# आइपुग्यो अक्सिजन प्लान्ट



**दैनिक समाचारदाता**
**राजविराज, १३ भदौं ।**

राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा आइतबार अक्सिजन प्लान्ट स्थापनाका लागि विभिन्न सामाग्रिहरु आएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट उक्त सामाग्रिहरु आईपुगेको अस्पतालका प्रमुख डा. रन्जित झाले जानकारी दिएका छन्।

दैनिक दुई सयसम्म सिलिन्डर भर्न सक्ने क्षमता रहेको अक्सिजन प्लान्ट चाडै नै जडा गर्न लागिपरेको प्रमुख डा. झाको भनाई छ।

यता अक्सिजन प्लान्ट जडान भएपछि सप्तरीसहित छिमेकी जिल्लाहरुका अस्पतालमा समेत अक्सिजनको आपूर्ति हुनेछ।

# प्रदेश २ मा दुई मन्त्रीको जिम्मेवारी हेरफेर

**दैनिक समाचारदाता**
**राजविराज, १३ भदौं ।**

प्रदेश २ मा दुई मन्त्रीको जिम्मेवारी हेरफेर भएको छ।

मुख्यमन्त्री लालबाबु यादवले भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्री रहेका शैलेन्द्र प्रसाद साहलाई अर्थ मन्त्रालयको जिम्मेवारी दिएका छन्।

यस्तै अर्थ मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आएका विजय यादवलाई भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिइएको छ। यादव जसपाका प्रदेश अध्यक्ष पनि हुन्।

प्रदेश प्रमुखको कार्यालयद्वारा आइतबार जारि पत्रमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम जिम्मेवारी हेरफेर भएको जनाइएको छ।

# श्रोत नखुलेको १० लाख बढी रकमसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**पर्सा, १३ भदौं ।**

पर्सा प्रहरीले श्रोत नखुलेको १० लाख बढी रकमसहित दुई जनालाई हुण्डी कारोबार गरेको आरोपमा पक्राउ गरेको छ।

ईलाका प्रहरी कार्यालय जानकीटोला पर्साबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेको नम्बर प्लेट नभएको मोटरसाइकललाई चेक जाँच गर्ने क्रममा श्रोत नखुलेको १० लाख ६३ हजार ६ सय २० नेपाली रुपैयाँ बरामद गरेको छ।

पक्राउ पर्नेमा भारतको बिहारस्थित पश्चिम चम्पारण ईनर्वा बजारका ४५ वर्षीय बृजकिशोर गिरी र धोबिनी गाउँपालिका २ गुलरियाका ५० वर्षीय रामपुकार पटेल छन्।

पक्राउ परेका उनीहरुलाई ईलाका प्रहरी कार्यालय पोखरिया पर्सामा ल्याई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ विरूद्धको कसूरमा अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ।

# संसदीय दलको नेतामा माधवकुमार नेपाल चयन

काठमाडौं, १३ भदौ (रासस)।

नेकपा (एकीकृत समाजवादी) संसदीय दलको नेतामा माधवकुमार नेपाल सर्वसम्मत रुपमा चयन हुनुभएको छ।

सङ्घीय संसद् भवन नयाँ बानेश्वरमा बसेको संसदीय दलको बैठकले अध्यक्ष नेपाललाई सर्वसम्मत रुपमा संसदीय दलको नेतामा चयन गरेको हो।

यही भदौ ९ गते निर्वाचन आयोगबाट नेकपा (एकीकृत समाजवादी) ले नयाँ दलको मान्यता पाएको थियो। बैठकले संसदीय दलको विधान बनाउन मस्यौदा कमिटी समेत गठन गरेको छ। कमिटीमा सांसदहरु भवानीप्रसाद खापुङ, निरादेवी जैरु, लक्ष्मी चौधरी, ठगेन्द्रप्रकाश पुरी र शेरबहादुर कुँवर गरी पाँच सदस्य रहनुभएको सांसद कल्याणीकुमारी खड्काले जानकारी दिनुभयो।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेटनुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

महत्वपूर्ण सवाल :

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

राजविराज नगरपालिकाको कार्यालय, सप्तरी






सप्तकोशी नगरपालिकाको कार्यालय, सप्तरी



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
City Express Money Transfer — Money Transfer Made Easy
Best Remit — Quick & Easy
Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME — International Money Express
himal remit — हिमालरेमिट
CG Money — Chaudhary Group


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*